# युवासञ्जाल गठन तथा परिचालन सम्बन्धी आन्तरिक कार्यविधि २०७६

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

**राष्ट्रिय युवा परिषद्**

सानोठिमी भक्तपुर

# युवा सञ्जाल गठन तथा परिचालन सम्बन्धी आन्तरिक कार्यविधि, २०७६

स्वीकृत मितिः २०७६/०८/१२

<u>**प्रस्तावनाः**</u>

राष्ट्रिय युवा नीति २०७२ तथा युथभिजन २०२५ को मर्म र भावनालाई आत्मसात गर्दै समृद्ध राष्ट्र निर्माणको आधारस्तम्भको रूपमा रहेका नेपाली युवामा अन्तरनिहित प्रतिभा प्रस्फुटनका साथै यसको यथोचित विकास र सदुपयोगबाट आम युवावर्गमा सकारात्मक सोंचको विकास गराई उनीहरूलाई थप सिर्जनशील र उद्यमी बन्न उत्प्रेरित गर्न, आम रुपमा स्वयम् सेवकीय कार्यलाई प्रभावकारी बनाउन **युवा सञ्जाल गठन तथा परिचालन** कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन प्रदान गर्ने उद्देश्यले,

राष्ट्रिय युवा परिषद्ले यो आन्तरिक कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भ :**</u> (१) यस कार्यविधिको नाम **"युवा सञ्जाल गठन तथा परिचालन सम्बन्धी आन्तरिक कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि राष्ट्रिय युवा परिषद् कार्यकारी समितिले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "युवा सञ्जाल" भन्नाले विभिन्न क्षेत्रमा सम्लग्न युवा, युवा तथा खेलकुद मन्त्रालय तथा राष्ट्रिय युवा परिषद्बाट विभिन्न समयमा पुरस्कृत भएका युवा, विज्ञान प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा क्रियाशील युवा, वैदेशिक रोजगारबाट फर्किएका उद्यमी युवा र राष्ट्रिय जीवनमा ख्यातिप्राप्त युवा प्रतिभा तथा उद्यमीहरूको समुह साथै स्वयम् सेवा एवम् सामाजिक कार्यमा सरिक यस कार्यविधि अनुसार गठित युवाहरूको समुहलाई सम्झनु पर्छ र यस शब्दले राष्ट्रिय युवा सञ्जाल समेतलाई बुझाउँछ।

ख) "युवा परिचालन" भन्नाले विभिन्न दिवश, समारोह, पर्व, उत्सव, विपद् व्यवस्थापन, आदि जस्ता राष्ट्रिय अभियान तथा स्वयम्सेवकीय कार्यका लागि युवाको संम्लग्नता, सहभागिता तथा योगदान भन्ने सम्झनु पर्छ ।

ग) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ।

घ) "परिषद्" भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ।

ङ) "युवा" भन्नाले राष्ट्रिय युवा परिषद् ऐनले परिभाषित गरेको उमेर समुहको व्यक्ति सम्झनु पर्छ।

च) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय युवा परिषदको कार्यकारी समिति सम्झनु पर्छ ।

छ) "उपाध्यक्ष" भन्नाले परिषद्को कार्यकारी उपाध्यक्षलाई सम्झनु पर्छ।

ज) "राष्ट्रिय युवा नीति" भन्नाले नेपाल सरकारबाट जारी राष्ट्रिय युवा नीति २०७२ सम्झनु पर्छ ।

झ) "युथभिजन" भन्नाले नेपाल सरकारले जारी गरेको युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना सम्झनु पर्छ ।

## परिच्छेद २

## युवा सञ्जाल गठन तथा परिचालनका क्षेत्रहरु

३. **युवा सञ्जालको गठनः** (१) विभिन्न निकायबाट पुरस्कृत भएका, विज्ञान प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा क्रियाशील, वैदेशिक रोजगारबाट फर्किएका उद्यमी र राष्ट्रिय जीवनमा ख्यातिप्राप्त युवा प्रतिभा तथा उद्यमी युवाहरूमा सकारात्मक सोंचको विकास गराई उनीहरूलाई थप सिर्जनशील तथा उद्यमी बन्न उत्प्रेरित गर्ने खालका विभिन्न विषय क्षेत्रहरूमा आवद्ध युवाहरू सम्मिलित युवा सञ्जाल गठन गरिनेछ ।

(२) युवा सञ्जाल गठनका क्षेत्रहरू देहाय अनुसार हुनेछन् :

(क) राजनीतिक क्षेत्र– युवा/विद्यार्थी सञ्जाल

(ख) राष्ट्रिय युवा प्रतिभा तथा उद्यमी युवा सञ्जाल

(ग) परम्परागत सीपमा आधारित पेशा व्यवसायमा सम्लग्न युवा सञ्जाल

(घ) बैदेशिक रोजगारीबाट फर्केका युवा सञ्जाल

(ङ) विज्ञान तथा प्रविधिको खोज अनुसन्धान र नवप्रवर्तनका क्षेत्रमा संलग्न युवा सञ्जाल

(च) स्थानीय,प्रदेश तथा संघीय युवाक्लव सञ्जालमा आवद्ध युवा सञ्जाल

(छ) युवा पुनस्थापनाको क्षेत्रमा काम गर्ने युवा सञ्जाल

(ज) राष्ट्रिय युवा परिषद्बाट आवद्धता लिएका सामाजिक संघ संस्थाहरूमा आवद्ध युवा सञ्जाल

(झ) युवा परिषद्ले आवश्यकता महसुश गरेका अन्य क्षेत्रहरूसँग सम्बन्धित युवा सञ्जाल

४. **युवा सञ्जाल परिचालनका क्षेत्रहरूः** विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय दिवस/पर्व, विपद् व्यवस्थापन, राष्ट्रिय तथा स्थानीयतहमा हुने विभिन्न अभियानहरू, सरकारले आह्वान गरेको युवा परिचालनका क्षेत्र आदिमा गरिने स्वयंसेवकीय कार्यका साथै परिषद्ले आयोजना गर्ने विभिन्न कार्यक्रमहरूमा युवा सञ्जाल परिचालन हुनेछ ।

## परिच्छेद ३

## युवा सञ्जाल गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार

५. **युवा सञ्जाल गठनः** (१) राष्ट्रिय युवा परिषद्ले दफा ३ को उपदफा (२) अनुसार क्षेत्रगत युवा सञ्जाल गठन गर्नका लागि सम्बन्धित क्षेत्रका युवाहरूको जानकारीका लागि सूचना प्रकाशन गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सूचनाका आधारमा तोकिएको मिति भित्र दफा ३ को उपदफा (२) अनुसार सम्बन्धित क्षेत्रका युवाहरूको भेलाबाट बढीमा २५ सदस्यीय युवा सञ्जाल गठन गरी समितिका पदाधिकारीहरूको नामावली सहित परिषद्मा पेश गर्नुपर्ने छ। उक्त समितिमा प्रत्येक प्रदेशको प्रतिनिधित्व र कम्तिमा ५० प्रतिशत महिलाको सहभागिता सुनिश्चित हुनुपर्ने छ।

(३) उपदफा (२) बमोजिम गठन हुने सञ्जालहरूको बैठक तथा सञ्जाल सञ्चालन सम्बन्धी कार्यविधि सञ्जाल आफैले तय गरे बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम सञ्जालहरू गठन भईसकेपछि देहायबमोजिम सदस्यहरू रहने गरी एक **राष्ट्रिय युवा सञ्जाल** गठन गरिनेछ ।

(क) राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष वा निजले तोकेको परिषद्को सदस्य — अध्यक्ष

(ख) प्रत्येक क्षेत्रगत सञ्जालका अध्यक्षहरू — पदेन सदस्य

(ग) प्रत्येक क्षेत्रगत सञ्जालले महिला सदस्यहरू मध्येबाट छानी पठाएका एक एक जना सदस्य

(घ) सञ्जालमा ५० प्रतिशत महिला सदस्यको सुनिश्चितता हुने गरी र सातै प्रदेशको प्रतिनिधित्व हुने गरी क्षेत्रगत सञ्जालमा आवद्ध युवा मध्येबाट आवश्यक संख्यामा राष्ट्रिय युवा सञ्जालले मनोनित सदस्य

(ङ) युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा प्रमुखले राष्ट्रिय युवा सञ्जालको सदस्य सचिव भै काम गर्ने छ ।

(५) राष्ट्रिय युवा सञ्जालको बैठक सम्बन्धी कार्यविधिः (क) बैठक सम्बन्धी कार्यविधि सञ्जाल आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(ख) युवा विकास र उद्यमशीलताको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएका युवा प्रतिभा, उद्यमीहरू तथा युवाका अभिभावक एवं विज्ञलाई सञ्जालको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(६) उपदफा (२) बमोजिम गठन हुने क्षेत्रगत युवा सञ्जाल र उपदफा (३) बमोजिम गठन हुने राष्ट्रिय युवा सञ्जालको पदावधि गठन भएको मितिले दुई वर्षको हुनेछ । दुईवर्ष पछि सोही प्रक्रियाबाट पुनः नयाँ सञ्जाल गठन हुनेछ ।

(७) राष्ट्रिय युवा सञ्जालले आफ्नो नियमित काम कारबाहीका लागि सञ्जालका कूल सदस्य संख्याको एक तिहाइमा नबढ्ने गरी एक सचिवालयको गठन गर्न सक्नेछ ।

(८) राष्ट्रिय युवा सञ्जालको सचिवालय राष्ट्रिय युवा परिषद्मा रहनेछ ।

६. <u>सञ्जालका पदाधिकारी/सदस्यहरू सञ्जालमा नरहने अवस्थाः</u> (१) देहायको अवस्थामा सञ्जालका पदाधिकरी/सदस्यहरू सञ्जालमा रहन सक्ने छैनन् :-

(क) नेपाल सरकारको नीति विपरित कार्य गरेमा ।

(ख) युवाको हक हित विपरित कार्य गरेमा ।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोग प्रमाणित भएमा ।

(घ) राजिनामा दिएमा ।

(ङ) सञ्जालका कुनै सदस्यले पदीय आचरण नगरेको भनी सञ्जालको बैठकले निर्णय गरेमा । तर यसरी निर्णय गर्नु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) सञ्जालका सदस्यले राजिनामा दिएमा अध्यक्षले स्वीकृत गर्नेछन् ।

७. **<u>युवा सञ्जालको काम, कर्तव्य र अधिकारः</u> (१) क्षेत्रगत युवा सञ्जालको काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछन्ः**

(क) सञ्जालको विस्तृत प्रोफाइल तयारी तथा अद्यावधिक गर्ने ।

(ख) सञ्जालका सदस्य तथा अन्य अनुकरणीय कार्य गरेका सिर्जनशील युवाहरूका वारेमा अन्य युवाहरूसंग अनुभव आदान प्रदान गर्ने गराउने ।

(ग) राष्ट्रिय युवा परिषद्मार्फत आफ्ना बिषयमा नेपाल सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने ।

(घ) युवा उद्यम तथा उत्पादित वस्तुको बजारीकरणको संभाव्यता र विविधीकरणका लागि सम्बन्धित निकायमा आवश्यक राय सुझाव प्रदान गर्ने ।

(ङ) राष्ट्रिय युवा परिषद्ले आयोजना गरेका विभिन्न कार्यक्रमहरूमा युवालाई उत्प्रेरणा जगाउने कार्य तथा युवा परामर्श कार्यक्रमका लागि स्रोतव्यक्ति व्यवस्थापनमा सहजीकरण गर्ने ।

(च) मन्त्रालय, परिषद् लगायतका विभिन्न निकायहरूबाट सञ्चालित कार्यक्रमको कार्यान्वयनका लागि सहयोग तथा सहजीकरण गर्ने ।

(छ) आफ्नो विषय क्षेत्रसँग सम्बन्धित युवा उद्यमशीलता अभियान (Youth Entrepreneurship Campaign) को आयोजना गरी युवालाई उद्यमशील बनाउन सहयोग गर्ने ।

(ज) युवाका रूची संकलन गरी एक उद्यमी- एक नवउद्यमी सिर्जना गर्ने अभियानमा सहयोग र सहजीकरण गर्ने ।

(झ) एक गाउँ एक उत्पादन तथा प्रत्येक गाउँ/नगरमा लघु उद्यम विकास र प्रवर्द्धनका लागि सहयोग गर्ने ।

(ञ) सम्बन्धित विधाको कार्यक्रम सञ्चालन गर्नका लागि समन्वय र नेतृत्व गर्ने ।

(ट) नेपाल सरकारले आह्वान गरेको युवा परिचालन, स्वयंसेवकीय कार्य तथा विपद् व्यवस्थापन लगायतका कार्यक्रममा सक्रिय भूमिका निर्वाह गर्ने

**(२) राष्ट्रिय युवा सञ्जालको काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछन्ः**

(क) सबै क्षेत्रगत युवा सञ्जालहरूको विस्तृत प्रोफाइल तयारी तथा अद्यावधिक गर्ने ।

(ख) विभिन्न सञ्जालका सदस्य तथा अन्य अनुकरणीय कार्य गरेका सिर्जनशील युवाहरू बीच अनुभव आदानप्रदान गर्ने गराउने ।

(ग) राष्ट्रिय युवा परिषद्मार्फत युवा परिचालनका बिषयमा नेपाल सरकारलाई आवश्यक सहयोग, सल्लाह र सुझाव दिने ।

(घ) युवा उद्यमशीलताको विकास गर्न गुणस्तरीय बस्तु तथा सेवाको उत्पादन, प्रवर्द्धन र उत्पादित वस्तुको बजारीकरणको संभाव्यता अध्ययन गरी सम्बन्धित निकायमा राय सुझाव प्रदान गर्ने ।

(ङ) राष्ट्रिय युवा परिषद्ले आयोजना गरेका विभिन्न कार्यक्रमहरूमा युवालाई उत्प्रेरणा जगाउने कार्य तथा युवा परामर्श कार्यक्रमका लागि स्रोतव्यक्तिको रूपमा सहजीकरण गर्ने ।

(च) मन्त्रालय, परिषद् लगायतका विभिन्न निकायहरूबाट सञ्चालित कार्यक्रमको कार्यान्वयनका लागि सहयोग एवम् सहजीकरण गर्ने।

(छ) युवा उद्यमशीलता अभियान (Youth Entrepreneurship Campaign) को आयोजना गरी युवालाई उद्यमशील बनाउन सहयोग गर्ने ।

(ज) विषयगत युवा सञ्जाल मार्फत युवाका रूची संकलन गरी एक उद्यमी- एक नवउद्यमी सिर्जना गर्ने अभियानमा सहयोग र सहजीकरण गर्ने ।

(झ) एक गाउँ एक उत्पादन तथा प्रत्येक गाउँ/नगरमा लघु उद्यम विकास र प्रवर्द्धनका लागि सहयोग गर्ने ।

(ञ) आधुनिक प्रविधिको प्रयोगमा युवाहरूलाई सुसुचित गर्दै उद्यम प्रवर्द्धन र बजारीकरणमा सहयोग गर्ने ।

(ट) युवा परिचालनका कार्यक्रम सञ्चालन गर्नका लागि समन्वय र नेतृत्व गर्ने ।

(ठ) युवा नवप्रवर्तन केन्द्र (Youth Innovation Center) र व्यावसायिक इन्क्युवेशन केन्द्र (Business Incubation Center) विकासका लागि परिषद्लाई सहयोग गर्ने ।

## परिच्छेद ३

## स्रोत व्यवस्थापन

८. (१) यस कार्यविधि बमोजिम युवा सञ्जाल गठन तथा परिचालनका लागि राष्ट्रिय युवा परिषद्ले आवश्यक स्रोत व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम हुने स्रोतका अतिरिक्त परिषद् र सञ्जालको सहकार्यमा हुने विभिन्न युवालक्षित कार्यक्रम सञ्चालनमा युवा परिचालनका लागि विभिन्न युवा उद्यमीहरू, उद्योग प्रतिष्ठानहरू र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गरी स्रोत व्यवस्थापन गर्न सकिनेछ ।

(३) सञ्जालका पदाधिकारीहरूको भूमिका स्वयम्सेवकीय हुनेछ ।

## परिच्छेद ४

## विविध

९. परिषद्ले सञ्जालको सचिवालय तथा सम्पर्क कार्यालयको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१०. परिषद्बाट सञ्चालन हुने युवाको व्यावसायिक सीप विकास तथा उद्यमशीलता सम्बन्धी कार्यक्रम गर्दा राष्ट्रिय युवा सञ्जालसँग आवश्यक समन्वय गरिनेछ ।

११. युवा सञ्जालको प्रदेश र स्थानीय स्तरमा समेत शाखा विस्तार गर्न सकिनेछ।

१२. युवा सञ्जालले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आफ्ना गतिविधिहरू र भविष्यमा गरिनुपर्ने सुधारका लागि सुझाव सहितको वार्षिक प्रतिवेदन तयार गरी परिषद्मा पेश गर्नुपर्नेछ ।

१३. **कार्यविधिको संशोधनः** राष्ट्रिय युवा परिषद् कार्यकारी समितिले यस कार्यविधिलाई समयानुकूल आवश्यक परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

१४. **बाधा अड्काउ फुकाउनेः** यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा व्यवधान आइपरेमा कार्यकारी समितिले आवश्यक वाधा अड्काउ फुकाउन सक्नेछ ।